
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १00% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
0६१-५७८0९९, ९८५६0२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
0६१-५७0६५१, ९८५६0७५५७५



❑ वर्ष २४ ❑ अङ्क ११२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख २३ गते शनिबार ❑ 6 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## गण्डकी सरकारलाई पूर्णता दिने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

प्रदेशसभाबाट विश्वासको मत पाएसँगै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मन्त्रिपरिषद् विस्तारको तयारी थाल्नुभएको छ।

गत १४ गते मुख्यमन्त्रीमा नियुक्त हुनुभएका उहाँले साता दिनभित्रैमा सरकारले पूर्णता पाउने जनाउनुभएको थियो। सरकारका प्रवक्ता एवं बिनाविभागीय मन्त्री सरस्वती अर्याल तिवारीले गठबन्धन दलहरूबीच मन्त्रालय बाँडफाँटलगायत विषय लगभग टुङ्गिसकेको बताउनुभयो । "गठबन्धनमा आन्तरिक तयारी भइरहेको छ, दुई/तीन दिनमै मन्त्रिपरिषद्ले पूर्णता पाउँछ", उहाँले भन्नुभयो । मन्त्रिपरिषद्ले पूर्णता पाएर मन्त्रीहरूले कार्यजिम्मवारी सम्हालेपछि सरकारका कामकारबाहीले गति लिने उहाँको भनाइ छ । "मुख्यमन्त्रीले प्रदेशसभाबाट विश्वासको मत पनि पाइसक्नुभएको छ, अब मन्त्रिपरिषद् विस्तारमा ढिलाइ हुँदैन, सरकार सहज रूपमा अघि बढ्छ", प्रवक्ता तिवारीले भन्नुभयो । साठी सदस्यीय प्रदेशसभामा नेपाली कांग्रेसका २७, नेकपा (माओवादी केन्द्र)का सात र नेकपा (एकीकृत समाजवादी)का एक गरी ३५ बहुमत सदस्यले मुख्यमन्त्री पाण्डेलाई बिहीबार विश्वासको मत दिएका थिए । नेकपा (एमाले)का २२ प्रदेशसभा सदस्यले विश्वासको मतको विपक्षमा मत हाले भने राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई प्रदेशसभा सदस्य तटस्थ बसेका थिए । माओवादी केन्द्रका प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री रेशम जुग्जालीले गठबन्धन दलहरूबीच मन्त्रालयको भागबण्डा मिलिसकेको बताउनुभयो । "मन्त्रालयको जिम्मेवारीमा जाने पात्रहरूबारे अहिले दलगत रूपमा छलफल केन्द्रित छ", उहाँले भन्नुभयो, "मन्त्रीको नाम टुङ्गो लाग्नासाथ सरकारले पूर्णता पाउँछ ।" "एकीकृत समाजवादीलाई कुन मन्त्रालय दिने भन्ने विषय मुख्यमन्त्रीले नै मिलाउनुहुन्छ, गठबन्धनले त्यसको जिम्मेवारी उहाँलाई नै दिएको छ", प्रदेशसभा सदस्य जुग्जालीले भन्नुभयो, "मन्त्रालयको संख्या भने सातभन्दा बढ्दैन ।"

निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी नेतृत्वको सरकारले मन्त्रालयको सङ्ख्यालाई १२ बाट घटाएर सातमा पुऱ्याएको थियो । नवनियुक्त मुख्यमन्त्री पाण्डेले पदभार ग्रहणका बेला मन्त्रालयको सङ्ख्या नथप्ने प्रतिबद्धता जनाउनुभएको थियो । हाल मन्त्रिपरिषद्मा मुख्यमन्त्री पाण्डेसहित बिनाविभागीय मन्त्रीका रूपमा माओवादी केन्द्रका प्रदेशसभा सदस्य सुशीला सिम्खडा र कांग्रेसका सरस्वती अर्याल तिवारी रहनुभएको छ।

## रास्वपाद्वारा सरकारलाई दिएको समर्थन फिर्ता

**रासस**
काठमाडौं, २२ बैशाख

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । सो पार्टीको केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिएर प्रतिपक्षमा बस्ने निर्णय गरेको हो।

सभापति रवि लामिछानेले बैठकपछिको पत्रकार सम्मेलनमा भन्नुभयो, "हामीले जनभावना र जनमतको कदर गर्नुपर्ने हुन्छ, यस पटकको उपनिर्वाचनले हामीलाई दिएको म्यान्डेट नै सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्नु भन्ने थियो, अब त्यही अनुरुप अगाडि बढ्छौँ ।" सभापति लामिछानेले अबका दिनमा पार्टीको सङ्गठन विस्तार र रचनात्मक प्रतिपक्षका रूपमा काम गर्ने प्रस्ट पार्नुभयो।

पत्रकारको प्रश्नमा उहाँले भन्नुभयो, "गठबन्धन बनाउँदै, अस्थिर बनाउँदै हामी हिँड्दैनौँ, सरकारले बाटो बिराएको खण्डमा एउटा राजनीतिक दलले अवश्य पनि कदम चाल्छ, तर सरकार बनाउने र ढाल्नेभन्दा पनि रचनात्मक प्रतिपक्षको रूपमा प्रस्तुत गर्नेमा हाम्रो ध्यान केन्द्रित हुन्छ ।" उहाँले प्रदेश संरचना नेता/कार्यकर्ता व्यवस्थापन गर्ने थलो मात्रै भएको भन्दै प्रदेश संरचनाबारे छलफल गर्नुपर्ने बताउनुभयो । यही व्यवस्थाभित्र पनि जनताको अवस्था बदल्न सकिने उहाँको भनाइ छ।

सभापति लामिछानेले वर्तमान सरकारले नक्कली शरणार्थी काण्डमा सङ्लग्न व्यक्तिलगायत भ्रष्टाचारमा सङ्लग्न व्यक्तिलाई कारबाही गरेकोप्रति धन्यवाद व्यक्त गर्दै भ्रष्टाचारका मुद्दामा सङ्लग्न अन्य व्यक्तिलाई कारबाहीका लागि आग्रह गर्नुभयो।

पार्टीको केन्द्रीय महाधिवेशनभन्दा अगाडि पार्टीका सांसदलाई केन्द्रीय समितिमा समावेश गरिने उहाँको भनाइ छ।



प्रदेश प्रमुखको सम्बोधनः
वैशाख पूर्णिमा एवम् बुद्धजयन्तीको अवसरमा पोंचोको तमु परिवार पोखराले शुक्रबार आयोजना गरेको बाह्रमासे घाटु नृत्य उद्घाटन कार्यक्रममा सम्बोधन गर्नुहुँदै गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङ । तस्बिर : धनबहादुर गुरुङ/रासस

## नक्कली शरणार्थी बनाएर ठगी प्रकरणमा थप आरोपीको खोजी गर्दै प्रहरी

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

प्रहरीले नक्कली शरणार्थी बनाएर अमेरिका पठाउने लोभमा करोडौँ रकम ठगीमा संलग्न रहेका आरोपीको खोजी तीव्र पारेको छ।

पक्राउ पुर्जी जारी भएका आरोपी सम्पर्कविहीन भएपछि खोजी तथा अनुसन्धानमा विशेष सावधानीका साथ टोली परिचालन गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ । जाहेरीमा नाम किटान गरिएका कतिपय व्यक्तिका बारेमा थप प्रमाण सङ्कलन गर्ने तथा पक्राउ पुर्जी जारी भएका आरोपीको खोजी कार्यमा प्रहरी टोली जुटेको परिसरका प्रहरी उपरीक्षक सीताराम रिजालले बताउनुभयो। उहाँले पुर्जी जारी भएका नेकपा एमालेका सचिव तथा पूर्वऊर्जामन्त्री टोपबहादुर रायमाझी प्रहरीको सम्पर्कमा नरहेको बताउनुभयो। यसअघि पक्राउ परेका तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार ईन्द्रजित राईका छोरा निरजका बारेमा प्रहरीले कुनै जानकारी पाउन सकेको छैन । "अब १० देखि ११ जना आरोपीको खोजी तथा अनुसन्धान भइरहेको छ", परिसरका प्रवक्तासमेत रहेका प्रहरी उपरीक्षक रिजालले भन्नुभयो, "अहिलेसम्म आठ जना पक्राउ गरी अनुसन्धान भइरहेको छ।" पक्राउ परेकामा तत्कालीन गृहमन्त्री थापाका


बाँकी अन्तिम पृष्ठमा ▶▶


## आराधना गरी मनाइयो बुद्धजयन्ती

**रासस**
काठमाडौं, २२ बैशाख

शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको २५६७औँ जन्म जयन्ती घर, गुम्बा, चैत्य, विहारमा श्रद्धा भक्तिपूर्वक पूजा आराधना, प्रवचन एवम् शान्ति सन्देश फैल्याउने योगदानको स्मरण गरी मनाइएको छ ।

प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्धजयन्ती पर्व सिद्धार्थ गौतम अर्थात् शाक्यमुनि बुद्धले शान्तिको सन्देश फैल्याउन पुऱ्याउनुभएको योगदानको स्मरणमा उहाँप्रति आराधना, ध्यान गरी मनाइन्छ । भगवान विष्णुको नवौँ अवतारका रुपमा कपिलवस्तु राज्यका राजा शुद्धोधन र मायादेवीका सुपुत्रका रुपमा उहाँले हालको रुपन्देहीको लुम्बिनीमा जन्म लिनुभएको थियो । राजकुमारका रुपमा प्राप्त हुने सुखसयल छोडी दुःख निवारणको कारण खोज्न २९ वर्षको उमेरमा सिद्धार्थ गौतम तपस्याका लागि निस्कनुभयो । तपस्याबाट प्राप्त बुद्धत्वका माध्यमबाट उहाँले विश्व शान्ति स्थापनाका लागि सहयोग पुऱ्याउनुभयो। बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मुत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्धजयन्ती मनाउने गर्दछन् । उहाँको जीवनका तीन महत्वपूर्ण घटना वैशाख शुक्ल पूर्णिमाका दिन भएकाले आजको दिनलाई बौद्धमार्गीले त्रिसंयोग दिवसका रुपमा पनि मनाएका छन्।

"अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो", यस्ता अनेकौँ कालजयी सन्देशका वाहकका रुमपा भगवान् गौतम बुद्धको परिचय विश्वव्यापी बनेको छ । बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा लामा एवम् बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिएको थियो । यस अवसरमा नागरिकले भने बेलुकी घरमै दीपावली गरेर बुद्ध जयन्ती मनाउने भएका छन् । लुम्बिनी, स्वयम्भू, बौद्धलगायत स्थलमा पनि विविध कार्यक्रम आयोजना गरी बुद्ध जयन्ती मनाइएको छ। इसापूर्व ५६३ अर्थात् आजभन्दा २५६७ वर्षअघि माता मायादेवी कपिलवस्तुको तिलौराकोटबाट रुपन्देहीको देवदह जाने क्रममा लुम्बिनी उद्यानमा वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको हो । इसापूर्व ५२८को वैशाख शुक्ल पूर्णिमाका दिन उहाँले बुद्धगयास्थित पीपलको रुख (बोधिवृक्ष) मुनि बुद्धत्व प्राप्त गर्नुभयो। बुद्धत्व प्राप्त गरेपछि नै उहाँलाई गौतम बुद्ध, बुद्ध भगवान् आदि नामले पुकारिएको हो। दुःखलाई नाश गर्न तृष्णा क्षय गर्ने आठ मार्ग नै बुद्धले पाउनुभएको ज्ञान हो। सम्यक् सङ्कल्प, सम्यक् दृष्टि, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि हुन् यी आठ मार्ग हुन् भनी उहाँले ज्ञान बाँड्नुभएको थियो । यी ज्ञान पहिलोपटक सारनाथस्थित मृगदावनमा पञ्चवर्गीय भिक्षुलाई प्रवचन (धर्मदेशना)का माध्यमबाट बाँड्नुभएको थियो । पैतालीस वर्षसम्म यस्तो ज्ञान बाँडेपछि ८० वर्षको उमेरमा इसा पूर्व ४८३ मा वैशाख शुक्ल पूर्णिमाकै दिन कुशीनगरमा उहाँले महापरिनिर्वाण (मृत्यु) प्राप्त गर्नुभयो। विश्व जगत् मा शान्तिका अग्रदूत र एसियाका ताराका रुपमा भगवान् गौतम बुद्धलाई चिनिन्छ । बुद्धले आठ मार्गका माध्यमबाट शान्ति, अहिंसा, मैत्री र करुणाको शिक्षा आम मानिसलाई दिनुभयो।


### गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं ।

- ◆गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्।
- ◆संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं।
- ◆संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- ◆बासी तथा सडेगलेका खाना नखाऔं,
- ◆घर भित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## अर्थतन्त्र सुधारतर्फ सरकार प्रतिबद्ध : प्रधानमन्त्री प्रचण्ड

**रासस**
नवलपरासी, २२ बैशाख

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले देशमा आर्थिकरूपमा देखिएको अस्थिरता र प्रतिकूल अवस्था समाधानका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) रामग्राम नगरपालिकाले बुद्ध जयन्तीको अवसरमा शुक्रबार रामग्राम स्तूपमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो, "आर्थिकरूपमा देशमा अहिले जे जस्तो परिस्थिति देखिएको छ, त्यसको समाधान गर्ने हिसाबले सुशासन र सामाजिक न्याय स्थापित गर्ने कुरामा हामी अघि बढिरहेका छौँ ।"

प्रधानमन्त्री दाहालले बृहत्तर लुम्बिनी विकासको गुरुयोजनाअन्तर्गत रामग्राम स्तूप एक महत्त्वपूर्ण धार्मिक एवं पर्यटकिय स्थल रहेको बताउनुभयो । बुद्ध दर्शनले लाखौँ मानिसलाई सामाजिक ऐक्यबद्धता र सद्भावको मार्गमा डोऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेको उहाँले उल्लेख गर्नुभयो । बुद्ध सर्किटको अवधारणाअन्तर्गत चार वर्षअघि तयार भएको गुरुयोजनाको बारेमा चर्चा गर्दै प्रधानमन्त्री दाहालले रामग्राम स्तूप र बुद्धसँग जोडिएका हरेक धार्मिक स्थलको विकास गर्न सरकार तत्कालै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

सो अवसरमा श्रीलङ्काबाट उपहारस्वरूप प्राप्त भएको भगवान् गौतम बुद्धको अस्तुधातुको अवशेष प्रधानमन्त्रीलाई देखाइएको थियो । भगवान् गौतम बुद्धको एक मात्र अस्तुधातु रहेको ऐतिहासिक धार्मिक स्थलको रामग्राम नगरपालिकाले संरक्षण गर्दै आइरहेको छ। कार्यक्रममा रामग्राम नगरपालिकाका प्रमुख धनपत यादवले स्तूपको विकासका लागि प्रधानमन्त्रीलाई आग्रह गर्नुभएको थियो।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# पोखरा स्पोर्ट्स अवार्ड शनिबार

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

सातौं संस्करणको पोखरा स्पोर्ट्स अवार्ड अन्तरगतको वर्ष उत्कृष्ट खेल पत्रकारको अवार्ड सागरराज तिमिल्सिनालाई प्रदान गरिने भएको छ।

अवार्ड अन्तरगत गठन भएको पत्रकार छनोट समितिको सिफारिसलाई मञ्चको कार्यसमितिको पच्चिसौं बैठकले अनुमोदन गरेको आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका महासचिव राजाराम पौडेलले जनाए। समाधान राष्ट्रिय दैनिकबाट पत्रकारिता सुरु गरेका उनी हाल एपीवान टेलिभिजन गण्डकी प्रदेश व्युरो प्रमुख हुन् । क्लिक गण्डकी डट कम र उज्यालो अनलाइनमा समेत कार्यरत तिमिल्सिनाले पोखरा एफ एम, एभिन्युज टेलिभिजन, सेतोपाटी डट कम, गन्थन डट लगायतका सञ्चार माध्यममा काम गरिसकेका छन् ।

यस अगाडि सन्तोष पोखरेल, विनोद लामिछाने, सन्देश श्रेष्ठ, केशव पाठक र दीपक परियारले यो विधाको अवार्ड हात पारेका थिए। शनिबार दिउँसो दुई बजेपछि पोखरा सभागृह हलमा आयोजना हुने कार्यक्रम कार्यक्रममा वर्ष उत्कृष्ट खेल पत्रकार अवार्ड सहित वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, लाइफ टाइम अचिभमेन्ट अवार्ड, उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेलकुद संस्था वा क्लब विधामा अवार्ड प्रदान गरिनेछ । यि मध्येमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी गरेर चारवटा विधाको उत्कृष्ट तीन मनोनयन सार्वजनिक भैसकेको छ । जस अनुसार वर्ष खेलाडी पुरुष तर्फ क्रिकेटका करण केसी, आर्चरीका गंगाबहादुर कुँवर र टेनिसका प्रदिप खड्का मनोनयनमा परेका छन् । वर्ष खेलाडी महिलातर्फ आर्चरीकी रोजीना थापा मगर, फुटवलकी सावित्रा भण्डारी र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा मगर रहेका छन् । वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले टेल्जि नेपालको टाइगर इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्नेछन् । उदीयमान खेलाडीतर्फ भलिवलका रवि केसी, फुटवलका सुमित श्रेष्ठ र क्रिकेटका सुवास भण्डारी रहेका छन् । वर्ष उत्कृष्ट प्रशिक्षक तर्फ आर्चरीका किशोर कुमार गुरुङ, लनटेनिसका निरज थापा र आइटिएफ तेक्वान्दोका सुरज सुनार छन् । वर्ष उत्कृष्ट उदीयमान खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षक तर्फका विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी पाउने छन्। उत्कृष्ट ३ को मनोनयन सूचीमा परेकाहरुलाई मनोनयन ट्रफी प्रमाणपत्र प्रदान गरिनेछ । यस्तै यो वर्षको लाइफटाइम अचिभमेन्ट अवार्ड बक्सिङ प्रशिक्षक विद्या प्रसाद मर्सानीलाई प्रदान गर्ने घोषणा भैसकेको छ । मर्सानीलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्ला सम्मान गरिनेछ। वर्ष उत्कृष्ट खेल संस्था वा क्लबतर्फको अवार्ड कास्की जिल्ला ह्यान्डबलसंघलाई प्रदान गरिनेछ।

वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट पत्रकार तर्फका अवार्ड विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी पाउने छन् । यसैगरी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताकै क्रममा दुर्घटनामा परी गत असोज ३० गते निधन भएका प्याराग्लाइडिङ खेलाडी निसिम थापाको योगदानको कदर गर्दै कीर्तिशेष सम्मान गर्ने मञ्च गण्डकीका महासचिव पौडेलले बताए । अवार्ड कार्यक्रमको थप आर्कषणको रुपमा कमेडी च्याम्पियनबाट चर्चामा आएका स्याङजाका मेक्सम गौडेलको स्ट्यान्ड अप कमेडी प्रस्तुती रहनेछ। यसैगरी भेटियो सान्नानी सोल्टिबजारमा गीतबाट थप चर्चामा आएका लोक दोहोरी गायक निश्चल दवाडीको गायन प्रस्तुती, हिमाली सांस्कृतिक परिवार तथा सारेगम कला केन्द्रको नृत्य प्रस्तुती, डेमोस्ट्रेसन लगायत अवार्ड कार्यक्रमका थप आर्कषण हुन् । लाइफटाइम अचिभमेन्ट अवार्डको पुरस्कार सुपर मादी हाइड्रोपावर, उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट प्रशिक्षकको पुरस्कार ह्यूस्टन एजुकेसन, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर गुप्र अफ पोखरा नेपाल तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व.सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गर्ने सम्झौता भएको छ।

अवार्ड कार्यक्रमका लागि गण्डकी प्रदेश सरकारको विषेश सहयोग रहेको छ। अवार्ड कार्यक्रमलाई सफल बनाउन मञ्चलाई अन्य विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको मञ्चले जनाएको छ। यसरी सहयोग गर्नेमा पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी, सिटिजन फर्निचर ट्रेड लिंक, आभ्या क्लब, परिचय एड्भर्टाइजिङ, नेपाल पर्यटन बोर्ड, टेल्जि नेपाल, तमु धिं युके, मफेरी रिर्सोट एण्ड स्पा, सहारा युके, सहारा युकेका संस्थापक सल्लाहकारद्वय महेश गुरुङ र लोक बहादुर गुरुङ, भलिबलका पूर्व राष्ट्रिय खेलाडी तथा प्रशिक्षक मञ्जु गुरुङ, पूर्व राष्ट्रिय खेलाडी तथा समाजसेवी रुपक गुरुङ, रामबजार सोसाइटि युकेका अध्यक्ष राम गुरुङ, समाजसेवी चिनकाजी गुरुङ, पोखरेली मञ्च युकेका सल्लाहकार नरजङ्ग गुरुङ, मञ्चका पूर्व अक्ष्यक्ष प्रेमनारायण न्यौपाने, सञ्चारकर्मी गोविन्द थापा सिञ्जाली रहेका छन्। नेपाल औषधी व्यसायी संघ कास्की, अन्नपूर्ण गाउँपालिका, माछापुच्छे गाउँपालिका, रुपा गाउँपालिका, मादी गाउँपालिका, केल्मीको नेपालको लागि आधिकारीक बिक्रेता कामारु ट्रेडिङ प्रा.लि., हाम्रो हस्तकला काठमाण्डौं, बतास अर्गनाइजेसन, नेपाल मुआथाई संघ गण्डकी, बिजी ट्रेड लिंक, सरुमा चुलो, भूतपूर्व खेलाडी मञ्च, नेपाल हवाई खेलकुद संस्था, सहारा हङकङ, क्लासिक चुलो, वल्ड लिंक, होटल बाराही, फुडमाण्डु, पोखरा महानगरपालिका वडा नं.३, ४, ९, १२ र १५, पश्चिमाञ्चल सामुदायिक अस्पताल, रुपाकोट सुनचाँदी पसल, हाम्रो पोखरा सोफा होम, ओम बुद्ध नर्सरी कर्मचार्य ग्रुपको कोसेली तेल, सिर्जना विकास केन्द्र, नेपाल टेलिकम पोखरा, नेपाल आयल मिल, बुमराङ रेष्टुरेन्ट, टेनिस संघ, पोखरा उद्योग वाणिज्य संघ, अटोवेज प्रालि, एसके साउण्ड एण्ड म्युजिक पोखरा, युनाइटेड क्लब, यति एयरलाइन्स, आँगन स्विट न्युरोड, निसिखोला गाउँपालिका, तमानखोला गाउँपालिका लगायतले समेत सघाउने तय भैसकेको छ। अवार्ड कार्यक्रमको पब्लिक फोर के टेलिभिजनबाट प्रत्यक्ष प्रसारण हुनेछ। जसका लागि टेलिभिजनसँग सहकार्य गरिएको मञ्चले जनाएको छ । प्रवेश निःशुल्क रहने अवार्ड कार्यक्रममा उपस्थित भएर खेलाडी, प्रशिक्षक तथा आयोजकलाई हौसला बढाउन सम्पूर्ण सञ्चारकर्मी र खेलप्रेमीलाई मञ्चले अनुरोध गरेको छ।

# 'राष्ट्रिय एकता सुदृढ बनाउन बुद्धका उपदेश मार्गदर्शक'

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले राष्ट्रिय एकता सुदृढ र सबल बनाउन गौतम बुद्धका उपदेश अहिले पनि उत्तिकै मार्गदर्शक भएको बताउनुभएको छ।

दुई हजार पाँच सय ६७औं बुद्धजयन्ती र उँभौली पर्वका अवसरमा शुभकामना सन्देश जारी गर्दै उहाँले "विभिन्न जाजाति, भाषाभाषी र धार्मिक तथा सामाजिक सांस्कृतिक विविधताबीच एकता, सहिष्णुता र सद्भाव कायम गरी राष्ट्रिय एकतालाई सुदृढ र सबल बनाउन बुद्धका उपदेश तथा मार्गदर्शन अहिले पनि हाम्रा लागि मार्गदर्शक सावित भएका छन्", भन्नुभएको छ।

बुद्ध दर्शनलाई जीवनमा आत्मसात् गर्नुका साथै उहाँद्वारा स्थापित चार आर्यसत्यलाई अवलम्बन गर्नसके मात्र पनि मुलुकमा शान्ति स्थापना भई समृद्धिको पथमा लम्कने सन्देशमा भनिएको छ । बहुभाषिक, बहुधार्मिक, बहुजातीय र बहुसांस्कृतिक विविधतायुक्त हाम्रो मुलुकको सबैभन्दा सुन्दर पक्ष नै सर्वस्वीकार्यता र सहअस्तित्व रहेको उल्लेख गर्दै सन्देशमा यस्ता पर्वले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र राष्ट्रिय एकतालाई थप सशक्त बनाउने विश्वास व्यक्त गरिएको छ।

बुद्ध सन्देशलाई विश्वभर फैलाउनुका साथै उहाँको जन्मस्थललाई विश्व शान्तिको केन्द्रका रुपमा स्थापना गर्न लाग्नुपर्ने भन्दै मुख्यमन्त्रीपाण्डेले यस्ता पर्वले सबै नेपालीबीच आपसी प्रेम, बन्धुत्व र एकताको भावना बढाएर शान्त समृद्ध नेपाल निर्माणमा प्रेरणा प्रदान गर्ने उल्लेख गर्नुभएको छ।

# विश्व शान्ति र प्रेम शिर्षकमा चित्रकला प्रतियोगिता सम्पन्न

**ललित अधिकारी/ तुलसी धमला**
पोखरा, २२ बैशाख



२५६७ औं वुद्ध जयन्तीको अवसरमा सिता एण्ड सन्सले आयोजना गरेको कास्की जील्ला माध्यमिक तह स्तरिय चित्रकला प्रतियोगिता सम्पन्न भएको छ।

कक्षा ७ देखि १० सम्मको प्रतियोगीतामा मदरल्याण्ड माविका एन्जल नेपाली पहिलो, कुम्दिनी होम्सका अविस्था पालिखे दिस्रो, वालोदय माविका इसिवा पौडेल तेस्रो र हिमालचन स्कुलका आविष्कार लामिछाने सन्तवना भए । उनिहरुले क्रमश हाइसेन्सको ३२ इन्चको एचडी टीभी , कोनका २२०० वाटको भ्याकुम क्लिनर, डाईकोमको वाटर डिस्नेपन्सर हट एन्ड कोल्ड र लिभ्प्युरको वाटर फिल्टर पुरस्कार प्राप्त गरे।

दश जोड २ तर्फ सैनिक आवासिय माविका सन्दिप लामा पहिलो, मदरल्याण्ड माविका कपिलराज गाहा दोस्रो ,सृजना माविका लक्ष्मण पोखेल तेस्रो र शिशुनिकेतन माविका पुर्ण कुमार गुरुङ्ग सान्तवना भए । पहिलो, दोस्रा, तेस्रो र सान्तवना हुनेले क्रमशः ३२ इन्चको स्मार्ट टीभी , खिन्डको एयर फायर, नियोको स्प्रिङ आरओ फिल्टर र केन्टको वाटर फिल्टर प्राप्त गरे । यसबाहेक प्रतियोगीतामा सहभागी मध्येबाट ५ जनालाई गोला प्रथाको माध्यमबाट डिक्स होम्को सेटअप बक्स प्याकेज प्रदान गरियो। पोखरा ७ मासबार स्थित श्रिकृष्ण माविमा आयोजित प्रतियोगितामा कास्की जील्ला भित्रका विभिन्न विद्यालयबाट ८१ जना प्रतियोगीले विश्व शान्ति र प्रेम शिर्षकमा २ घण्टा ३० मिनेट लागाएर आफ्नो चित्रकला प्रस्फुटन गरे।

यस अघि कार्यक्रमको क्यान्वासमा चित्र कोरेर उद्घाटन गर्दै प्रमुख अतिथि वरिष्ठ कलाकार दुर्गा बराल (वात्सायन) ले व्यवसाय क्षेत्रबाट नव कलाकारलाई प्रस्फुटन गराउन प्रतियोगिता आयोजना गरेकोमा धन्यवाद व्यक्त गरे । पोखरा महानगर पालिका वडा नं. ७ का वडा अध्यक्ष राम मोहन आचार्यले यस किसिमका कार्यक्रममा वडाको पनि साथ र सहयोग रहने वताए । प्रतियोगिताको सहकार्य संस्था सृजनशिल कलाकार समुहका अध्यक्ष मिलन शेरचनले यस्ता कार्यक्रमले विधार्थी तथा नव कलाकारलाई आफ्नो कलालाई निरन्तरता दिन हौसला मिल्ने बताइन्। निर्णायक मण्डलका संयोजक सृजनशिल कलाकार समुहका सल्लाहकार लोक प्रसाद गुरुङ्गले सबै सहभागी प्रतियोगीको चित्रकला उत्कृष्ट रहेको र आफ्नो कलालाई निरन्तरता दिन आग्रह गरे।

सिता एण्ड सन्सका संचालक सावित्री आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा स्वगत मन्दिप आचार्य र संचालन सृजनशिल कलाकार समुहका कार्यवाहक अध्यक्ष दलबहादुर गुरुङले गरेका थिए।

# जेठको तेस्रो साता देश्ना चन्द स्मृति सेभेन ए साइड फुटबल प्रतियोगिता

**ललित अधिकारी/ तुलसी धमला**
पोखरा, २२ बैशाख

पोखरामा देश्ना चन्द स्मृति तेस्रो सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगिता २०८० जेठ तेस्रो साताबाट सुरु हुने भएको छ।

पोखरा महानगरपालिका १ स्थित नयाँ गल्ली युवा क्लबको आयोजनामा जेठ २० देखि २७ गतेसम्म तेस्रो संस्करणको देश्ना चन्द स्मृति सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगिता हुने आर्थिक संयोजक हिटलर घलेले जानकारी दिए।

उनले फुटबलको विकास गर्ने उद्देश्यले खुल्ला फुटबल प्रतियोगिता आयोजना गर्न लागेको बताए । 'हामीले खेलकुद सँगै सामाजिक क्षेत्रमा पनि काम गर्दै आएका छौ, उनले भने, 'फुटबल लभर नानी देश्नको स्मृतिमा यसपटक खुल्ला सेभेन ए साइड फुटबल आयोजना गर्न लागेका छौ यसले खेलकुदको विकासमा केही टेवा पुग्ने विश्वास लिएका छौ ।' घलेका अनुसार पोखरा पुरानो टुँडिखेल मैदानमा एक साता सञ्चालन हुने सेभेन ए साइड फुटबल प्रतियोगिताको विजेता टिमले १ लाख ५० हजार, उपविजेताले ८० हजारसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । सो प्रतियोगितामा उत्कृष्ट विधागततर्फ नगद राशीले पुरस्कृत गर्ने क्लबका अध्यक्ष शुशिल श्रेष्ठले बताए । श्रेष्ठका अनुसार उत्कृष्ट खेलाडीले १० हजार, सर्वाधिक गोलकर्ता, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट डिफेन्डर र उत्कृष्ट गोलरक्षकले जनही ५/५ हजार पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगितामा सहभागिता जनाउनका लागि दर्ता शुल्क ७ हजार निर्धारण गरिएको खेल संयोजक अञ्जन देवकोटाले जानकारी दिए । उनका अनुसार टिम दर्ता फोन (९८०६६०७२७८) बाटैपनि गर्न सकिनेछ।

# नक्कली...

सुरक्षा सल्लाहकार राईसहित बहालवाला सचिव (तत्कालीन गृह सचिव) टेकनारायण पाण्डे, सन्दीप रायमाझी, केशव दुलाल, सानु भण्डारी टङ्क गुरुङ, सन्देश शर्मा पोखरेल र सागर थुलुङ छन् । जिल्ला प्रहरी परिसरले उनीहरु विरुद्ध सङ्गठित अपराधमा अनुसन्धान गरिरहेको छ। यसको अनुसन्धानका लागि प्रहरीले ६० दिन समय पाउँछ । उक्त घटनामा हालसम्म एक सय छ जनाले २० जाहेरी दिएका छन्। उनीहरूले कूल रु २३ करोड २५ लाख ठगी भएको भनी जाहेरी दिएका छन् । सुरुमा पीडितले काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयमा जाहेरी दिएकामा कार्यालयले केहीलाई पक्राउ गरी थप कारबाहीका लागि जिल्ला प्रहरी परिसरलाई बुझाएको थियो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

# मोटर चढ्ने गुर्जालीको धोको कहिले पूरा होला ?

– कमल खत्री
बेनी, २२ बैशाख (रासस)

धवलागिरि गाउँपालिका-१ गुर्जाका ८३ वर्षीय खिमबहादुर छन्त्याललाई गाउँबाटै मोटर चढेर सदरमुकाम पुग्ने धोको छ। जीवनका आरोह अवरोध सङ्घर्षपूर्ण तवरले बिताउनुभएका उहाँ युवावस्थामा देश तथा विदेशमा समेत पुग्नुभयो । विदेशको विकासको समेत अनुभूति सँगाल्नुभएका उहाँले आफ्नै गाउँमा समेत विकासका पूर्वाधार बन्न थालेपछि गाउँबाटै मोटर चढेर सहर पुग्ने रहर जागेको बताउनुभयो ।

जिल्लाको सबैभन्दा दुर्गम बस्तीका रूपमा परिचित गुर्जा जिल्लाको एक मात्रै सडक सञ्जालको पहुँच नपुगेको वडा हो। विकासमा ओझेलमा परेको सो स्थानका स्थानीयवासीमा पछिल्लो समय विकासको प्रमुख आधार मानिएको सडक सञ्जालको पहुँच निर्माण गर्ने योजना गढेको छ। यहाँबाट गाउँपालिकाको केन्द्र मुना पुग्न एक दिनको पैदलयात्रा गर्नुपर्छ । प्रौढ र युवायुवतीहरू गुर्जादेखि पैदलयात्रा गरी सहजै गाउँपालिकाको केन्द्र र जिल्ला सदरमुकाम बेनी आवत-जावत गर्न सक्ने भए पनि बालबालिका र वृद्धवृद्धाहरूलाई भने यात्रा गर्न सहज छैन ।

"उमेरमा त सयौँ पटक ओहोर-दोहोर गर्‍यौँ, पहिले कतै पनि सडक थिएन, हामीले पनि आशा गर्ने कुरा भएन, अहिले गाउँपालिकाको केन्द्रबाट छिमेकी गाउँ लुलाङसम्म सडक आयो भन्ने सुनेका छौँ, हाम्रै पालामा गाउँमा मोटर आउँछ कि भन्ने भरोसा थपिएको छ", गुर्जाका वृद्ध दलबहादुर छन्त्यालले भन्नुभयो । यातायातको पहुँच नपुगेको कारण यहाँ खाद्यान्न ढुवानीमा खच्चड र मानिसले नै सामान बोक्दै आएका छन् । लुलाङदेखि गुर्जासम्म खच्चडमा प्रतिकिलो सामान ढुवानीको रु २० लागत पर्छ । ढुवानी बढी लाग्ने भएकाले यहाँका स्थानीय महँगीको मारमा समेत छन् । खाद्यान्न लगायतको सामग्रीहरू खच्चडमा नै ढुवानी हुने र खच्चडले बोक्न नमिल्ने रड, जस्तापाता, पाइप लगायतका सामान मानिसले बोकेर लैजाने गरेको विगत एक दशकदेखि खच्चडमा सामान ढुवानी गराउँदै आउनुभएका युवा लोकबहादुर रसाइलीले जानकारी दिनुभयो । भारी वर्षा हुने बर्खा र हिमपात हुने हिउँदका केही महिना खच्चडलाई सामान बोकाउन नमिल्ने भएकाले उक्त समयमा गाउँमा खाद्यान्न लगायतका सामान ढुवानी ठप्प हुने गर्छ ।

सडक नपुगेको कारण स्थानीय स्वास्थ्य संस्थामा उपचार गराउन सम्भव नहुने बिरामीहरूलाई डोको र पिठ्यूँमै बोकेर सदरमुकामको अस्पतालतर्फ लैजानुपर्ने बाध्यता रहेको स्थानीयवासी धनबहादुर छन्त्यालले बताउनुभयो । "सडक नहुँदा ठूलो समस्या छ, बिरामी हुँदा पैसा जोहो गर्न सक्नेले हेलिकप्टरमार्फत अस्पताल लैजाने गर्छन्, पैसा जुटाउन नसक्नेहरू कि घरमै थला परेर बस्नुपर्छ, कि त भने बोकेरै लैजानुपर्छ", उहाँले भन्नुभयो । एक गाउँ एक वडाका रूपमा रहेको गुर्जामा दुई सय ७० घरधुरी रहेका छन् । दलित र छन्त्याल दुई समुदायको मात्रै बसोबास रहेको गुर्जामा तत्कालीन समयमा खानी खन्ने क्रममा बसोबास रहन गएको पाइन्छ । विगतमा गाउँपालिकाको केन्द्र मुनासम्म नै पैदलयात्रा गर्दै आएका गुर्जालीलाई यो वर्ष करिब साढे एक घन्टाको पैदलयात्रा छोटिएको छ । मुनादेखि खोरिया हुँदै वडा नं २ को लमसुङ पुगेको सडक लुलाङ गाउँसम्म पुगेको छ । लुलाङदेखि गुर्जा ६ देखि ८ घन्टाको पैदलयात्राको हो । सडक सञ्जाललाई गाउँसम्म नै पुर्‍याउने हरेक गुर्जालीको सपना बनेको छ ।

यस वर्ष गाउँपालिकाले विनियोजन गरेको रु ४५ लाख बजेटबाट लुलाङसम्म सडकको ट्र्याक निर्माण भएको प्रमुख प्रशासकीय अधिकृत ध्रुव रिजालले जानकारी दिनुभयो । उहाँका अनुसार, उक्त बजेटमध्ये २० लाख बजेटबाट ट्र्याक निर्माण गरिएको हो भने अरू बजेट सडकको संरक्षणका लागि ग्याबिनजाली लगाउने, मेसिनरी पर्खाल बनाउने लगायतको क्षेत्रमा उपयोग गरिएको छ । लमसुङ गाउँको शिरमा भने पहिराको जोखिम कम गर्न एक सय २० मिटर सडक मानिसहरूले नै मेसिन नलगाईकन सडक खनेका हुन् । लमसुङदेखि लुलाङसम्म करिब दुई किलोमिटर दुई सय मिटर सडकको ट्र्याक निर्माण भएको छ । गण्डकी प्रदेश सरकारमार्फत विनियोजन भएको रु ८० लाख बजेटबाट लुलाङदेखि गुर्जातर्फ सडकको ट्र्याक निर्माण गर्न परिचालन गरिने भएको छ । नयाँ ट्र्याकलाई स्तरीय बनाउने र गुर्जालाई सडक सञ्जालले जोड्ने योजनालाई गाउँपालिकाले प्राथमिकतामा राखेको गाउँपालिकाका उपाध्यक्ष रेशम पुनले बताउनुभयो । "प्रदेशबाट आएको बजेटलाई पनि तत्काल कार्यान्वयनमा लैजान्छौँ, आगामी वर्ष गाउँपालिका, प्रदेश र सङ्घीय सरकारमार्फत समेत पर्याप्त बजेटको व्यवस्थापन गर्नतर्फ अहिलेदेखि नै प्रयास थालेका छौँ, गुर्जामा सडकको पहुँच पुर्‍याउने पालिकाको पूर्वाधार योजनाको मुख्य प्राथमिकतामा छ", उहाँले भन्नुभयो । लुलाङदेखि गुर्जासम्म सडक सञ्जालको ट्र्याक निर्माण गर्न करिब सात करोडको बजेट अनुमान गरिएको छ । सडकको दूरी छोट्याउन सुरुङमार्गको समेत सम्भाव्यता अध्ययन गरिएको भए पनि लागत बढी लाग्ने भएपछि सडकको ट्र्याक निर्माणलाई नै जोड दिएर योजना सञ्चालन गरिएको गुर्जाका वडा अध्यक्ष झकबहादुर छन्त्यालले जानकारी दिनुभयो । योजनाको डिपिआर तयार गर्दा लुलाङदेखि गुर्जासम्मको सडकको दूरी १६ किलोमिटर कायम हुने अनुमान छ । पहाडी भिर हुँदै करिब तीन हजार तीन सय मिटर उचाइको देउराली डाँडा भएर सडक निर्माण गर्नुपर्ने भएकाले सडक निर्माणमा लागत बढी र काम चुनौती पूर्ण मानिएको छ । लुलाङ-गुर्जा सडकलाई डोल्पाको दुनैसम्म जोड्ने गरी अघि सारिएको वडाअध्यक्ष छन्त्यालले बताउनुभयो । गुर्जाबाट रुकुमको पुथाउत्तरगङ्गा गाउँपालिका हुँदै डोल्पाको दुनैसम्म सडक विस्तार गर्न सकेमा कर्णाली-लुम्बिनी-गण्डकी-बागमती प्रदेश जोड्ने छोटो दूरीको राजमार्गकै रूपमा यसलाई विकास गर्न सकिने वडाअध्यक्ष छन्त्याल बताउनुहुन्छ । "गुर्जादेखि डोल्पासम्मको दूरी जम्मा ९० किलोमिटरको रहेको छ, समग्र काठमाडौँदेखि डोल्पासम्म पाँच सय किलोमिटरभन्दा छोटो पर्छ, यो सडक निर्माण गर्दा वातावरणीय रूपमा कम क्षति र पर्यटकीय दृष्टिकोणमा समेत उच्च लाभदायी बन्न सक्छ", उहाँले भन्नुभयो । यो योजनालाई धवलागिरि गाउँपालिकाको गाउँसभाले समेत अपनत्व लिएर सङ्घीय र प्रदेश सरकारमा आवश्यक बजेटका लागि योजना माग गरिसकेको छ ।

# विकट थास्पुरी गाउँमा एक घर, एक धारा जडान हुँदै

पोखरापत्र संवाददाता
बागलुङ, २२ बैशाख

तमानखोला गाउँपालिका-५ थास्पुरी गाउँ अग्लो पहाडको बीचमा छ । प्रशस्त खेतीयोग्य जमिनले भरिएको यस गाउँमा वर्षौंदेखि खानेपानीको समस्या छ ।

स्थानीयवासीले घन्टौँ लगाएर एक गाग्री पानी भरेर उपभोग गर्दै आएका छन् । विद्यालय र सामुदायिक स्वास्थ्य परामर्श केन्द्रमा पनि खानेपानीको समस्या उस्तै छ । खानेपानीको समस्या समाधानका लागि अहिले गाउँका घरघरमा धारा निर्माण भइसकेका छन् । गाउँका तीन ठाउँमा हजारौँ लिटर पानी अटाउने ट्याङकीसमेत निर्माण भइसकेका छन् । घरघरमा बनेका धारामा यही वैशाखको अन्तिम सातासम्म पानी झार्ने योजना छ । घरैपिच्छे धारा बनेपछि स्थानीय दङ्ग परेका छन् । तमानखोला गाउँपालिका र नेपाल स्वास्थ्यका लागि पानी (नेवा) सहलगानीमा यहाँ खानेपानी आयोजना सञ्चालन भइरहेको छ । गाउँपालिकाको १७ लाख ४६ हजार र नेवाको ३८ लाख गरी रु ५५ लाख ४६ हजार लागतमा काम थालिएको थियो ।

विसं २०७९ पुस १६ गतेदेखि सुरु भएको योजना अहिलेसम्म ९० प्रतिशत काम सकिएको सब इन्जिनियर भीम नेपालीले जानकारी दिनुभयो । थास्पुरी खानेपानी तथा सरसफाइ आयोजनाको काम यही महिनामै सकिने भन्दै बेमौसमी वर्षाले गर्दा अवरोध पुर्‍याइरहेको उहाँको भनाइ छ । खानेपानी आयोजनाको पाइलाइन, धारा र ट्याङ्की निर्माणको कार्य सकिएको भन्दै अब मिटर जडान गर्न बाँकी रहेको उहाँले बताउनुभयो । थास्पुरी गाउँमा तीन किलोमिटर टाढा रहेको सेपुबारी मुहानबाट पाइपलाइनमार्फत पानी ल्याउन थालिएको हो । सबइन्जिनियर नेपालीले भन्नुभयो, "धेरै काम सम्पन्न भइसकेको छ, अब केही प्राविधिक काम मात्रै बाँकी छ, त्यो काम पनि छिट्टै सकेर स्थानीयवासीका घरका धारामा पानी ल्याउने तयारी गरेका छौँ, धेरै दिन भयो पानी परेको, अहिलेसम्म रोकिएको छैन, पानी रोकिँदा साथ काम सकेर पानी ल्याउँछौँ, धारा बनेपछि स्थानीय धेरै उत्साहित बन्नुभएको छ, अब उहाँहरूको वर्षौंदेखिको समस्या समाधान हुन्छ ।" अहिले गाउँका ८२ घरमा ८२ धारा, प्राथमिक स्वास्थ्य परामर्श केन्द्र, विद्यालय र आमा समूहको भवनमा एक/एक गरी ८५ धारा निर्माण भएका छन् । स्थानीय झउमती सुन्चौरीले गाउँमा खानेपानीको समस्या हुन थालेको वर्षौं भएको जनाउँदै अब सहज हुने बताउनुभयो । अहिलेसम्म गाउँलेले एक घन्टाको दूरीमा रहेको ठूलाचौरदेखि पानी बोकेर उपभोग गर्दै आएको सुन्चौरीको भनाइ छ । उहाँले खानेपानीको हाहाकार हुँदा कुवा र पोखरीको पानी कपडाले छानेरसमेत उपभोग गरेको बताउनुभयो । "यो गाउँमा खानेपानीको अभाव भएको धेरै वर्ष भयो, पहिले १/२ घन्टाको बाटो हिँडेर पानी ल्याएर खायौँ, पछि गाउँमा केही धारा बने, एउटा धाराबाट १५/२० घरले पानी भर्नु पर्थ्यो," उहाँले भन्नुभयो, "अब त सजिलो हुने भयो, घरकै आँगनमा धारो बन्यो, हामीहरूले सोचेका पनि थिएनौँ, घर-घरमा धारो बन्ला भन्ने, दुर्गममा छौँ, सरकारले हाम्रो समस्या बुझेछ, खानेपानीको समस्या हुँदा गाउँबाट धेरै मान्छे बजारतिर बसाइँ पनि सरे ।" थास्पुरी खानेपानी तथा सरसफाइ आयोजनाका सचिव जयप्रकाश सुन्चौरीले वैशाखमै यहाँका स्थानीयवासीले यस आयोजनाको पानी उपभोग गर्न पाउने बताउनुभयो । खानेपानीको समस्या हुँदा सरसफाइमा बढी समस्या भएको बताउनुहुन्छ । गाउँमा थुप्रै खेतीयोग्यो जमिन भए पनि पानीको अभावले गर्दा तरकारी र खाद्यबाली उत्पादनमा पछाडि पर्नु परेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "यस गाउँका सयौँ नागरिक धेरै वर्षदेखि खानेपानीको अभावमा छन्, अब करिब-करिब हामीहरूको समस्या समाधान हुनै लागिसक्यो, खानेपानीको माग गरेको धेरै वर्षपछि अहिले बल्ल यस गाउँका मान्छेहरूको समस्याको सुनुवाइ भयो, दिसामुक्त गाउँ घोषणा भएको धेरै वर्ष भए पनि पानीको समस्या हुँदा प्रभावकारी हुन सकेको थिएन ।"

तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले थास्पुरीसँग पालिकाका धेरै गाउँमा खानेपानीको समस्या समाधान हुन थालेको बताउनुभयो । उहाँले आफूहरू निर्वाचित भएर आएदेखि जनताको आधारभूत आवश्यकतालाई प्राथमिकतामा राखेर काम गरेको बताउनुभयो ।

यहाँको नागरिकको मुख्य समस्या खानेपानी भएको हुँदा अघिल्लो कार्यकालदेखि नै समाधान गर्नेतर्फ आफूहरू लागेको भन्दै अहिले बल्ल पूरा हुन थालेको अध्यक्ष बुढा मगरको भनाइ छ । "तमानखोलाका अधिकांश गाउँमा अहिले खानेपानीको सहज पहुँच पुगेको छ, केही वडामा गाउँपालिकाको लगानीमा त केही गाउँमा विभिन्न सङ्घसंस्थासँग सहकार्य गरेर खानेपानी आयोजना सम्पन्न भएका छन्", अध्यक्ष बुढा मगरले भन्नुभयो, "अहिले पनि वडा नं २ मा पनि नेवासँग सहकार्य गरेर काम गरिरहेका छौँ, अब तमानखोलामा खानेपानीको समस्या छैन, मर्मत, सम्भार र अन्य काम भने निरन्तर हुने छ, पहिलो कार्यकालमा वडा नं ६ को नर्जाखानी, भित्रीवन र पात्ले गाउँमा एक घर एक धारा निर्माण गरेका छौँ, अहिले त्यहाँ समस्या छैन ।" उहाँले खानेपानीसँगै स्वास्थ्य र शिक्षालाई पनि प्राथमिकतामा राखेर काम गरेको बताउनुभयो । नागरिकको सहजताका लागि बस्तीबस्तीमा स्वास्थ्य संस्था स्थापना गरेर सेवा प्रदान गरेको अध्यक्ष बुढा मगरको भनाइ छ । पछिल्लो समय तमानखोलाका शैक्षिक संस्थाहरू भौतिक पूर्वाधारमा अब्बल बन्दै गएको उहाँले बताउनुभयो ।

# गोरखानाथ मन्दिरमा रोट महोत्सव

प्रेम बहादुर आले
गोरखा, २२ बैशाख

प्रसिद्ध शक्तिपीठको रूपमा रहेको गोरखाको गोरखानाथ मन्दिर परिसरमा आजदेखि २० औँ सवा लाख रोट महोत्सव सुरु भएको छ। गोरखा दरबार परिसरमा गुरु गोरखनाथलाई मनपर्ने खाद्य परिकारका रूपमा लिइने रोट चढाउने परम्परालाई निरन्तरता दिन र यहाँको धार्मिक पर्यटन प्रवर्द्धन गर्न महोत्सव आयोजना गरिएको हो।

गोरखनाथ मन्दिरमा दैनिकरूपमा रोट चढाउने प्रचलन रहे पनि विगत २० वर्षदेखि महोत्सवकै रूपमा अगाडि बढाउन थालिएको आयोजक सिद्धाश्रम शक्ति केन्द्रका संयोजक किशोरकुमार अकेलाले जानकारी दिनुभयो । आजदेखि ११ दिनसम्म चल्ने महोत्सवमा सवा लाख रोट गुरु गोरखनाथलाई चढाइने उहाँले बताउनुभयो । गोरखनाथ पहिलोपटक गोरखाको पवित्रस्थल गोरख गुफामा प्रकट हुनुभएको धार्मिक मान्यताअनुसार यहाँको मन्दिरमा रोट चढाउने प्रचलन रहँदै आएको छ। रोट, भुङ्ग्रे र तावा गरी दुई प्रकारका हुने गरेको छ। तत्कालीन नेपाल एकीकरणका समयमा सेनालाई प्रसादको रूपमा एउटा रोट र एक माना पानी खुवाएपछि भोक नलाग्नाका साथै लामो समयसम्म युद्धमा भिड्न सकेको भनाइ शिलालेखमा उल्लेख छ । "खाद्यवस्तुका रूपमा रहेको रोट गुरु गोरखनाथलाई मनपर्ने परिकार हो", संयोजक अकेलाले भन्नुभयो, "चामलको पिठोमा नरिवल, ल्वाङ, अलैँची, चिनीलगायत ५२ प्रकारका मसला मिसाएर घ्यूमा पकाइने वस्तुलाई रोट भनिन्छ ।" सानो सानो आकारमा तयार गरिने यो रोटलाई नाथ जातिका व्यक्तिहरूले शुद्ध भई मन्त्र जप गरेर बीचको भाग उठाएर बनाउने गर्छन् । रोट महोत्सवमा सहभागी हुन आउने भक्तजनका लागि खाने, बस्नेलगायत सबै सुविधा निःशुल्क उपलब्ध गराउने गरिएको उहाँले जानकारी दिनुभयो । भक्तजनका लागि भजनकीर्तन गर्नसमेत विशेष व्यवस्था गरिएको छ भने रोट पकाउन लागि दाउरालगायत अन्य बस्तुको पनि व्यवस्था गरिएको संयोजक अकेलाले बताउनुभयो ।

महोत्सवले गोरखाको प्रचार-प्रसारका साथै जिल्लाको आन्तरिक तथा बाह्य पर्यटन विकासमा टेवा पुग्ने आयोजकले विश्वास लिएको छ । गोरखनाथ गुफा परिसरमा आयोजना हुने महोत्सवका अवसरमा भजनकीर्तन, चुँडा नृत्यसमेत हुने जनाइएको छ। यहाँको रोट महोत्सव अवलोकन र प्रसाद ग्रहण गर्न भारतलगायत देशका बिभिन्न जिल्लाबाट भक्तजन आउने गरेका छन् । रोट महोत्सवको पहिलो दिन शुक्रबार बिहान गोरखा सदरमुकामको बसपार्कबाट निकालिएको कलश तथा रथयात्रा गोरखा दरबारको गोरखनाथ गुफासम्म पुगेको थियो । र्‍यालीमा विभिन्न कला, संस्कृति र पहिचान झल्कने झाँकीसमेत प्रस्तुत गरिएको थियो। गोरखनाथ मन्दिरसम्म निकालिएको कलशयात्रामा एक सय आठ कन्या, नाथयोगी, भक्तजनलगायतको सहभागिता थियो।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# ६४ वर्षदेखि भेडापालनमा, थाहा छैन कृषक अनुदान

रासस
बागलुङ, २२ बैशाख

तमानखोला गाउँपालिका-५ खुङ्खानीका रनबहादुर सिर्पाली उमेरले सात दशक पार गर्नुभयो । उमेर घर्कँदै गए पनि उहाँमा काम गर्ने जोस जागर भने तन्नेरीको भन्दा कम छैन । बिहान उठेदेखि राति नसुतुन्जेलसम्म भेडाबाख्राको स्याहार सुसारमा लाग्ने सिर्पालीका दुई सय ५० बढी भेडाबाख्रा छन् । जाडो बढेपछि मङ्सिरमा बेसी झर्नुभएका सिर्पाली गर्मी याम सुरु भएपछि भेडाबाख्रा लिएर बुकी चढ्न थाल्नु भएको छ । सिपार्ली आफ्ना भाइ देवबहादुर सिर्पालीसँग बुकी चढ्ने तयारीमा हुनुहुन्छ ।

देवबहादुरका डेढ सय र रनबहादुरका साढे दुई सय गरी चार सय भेडा बुकी लैजाने तयारी छ । तमानखोला गाउँपालिकाको केन्द्र बोङ्गादोभानदेखि नर्जाखानी जाने सडक उनीहरुको भेडाले ढाकिएका छन् । ठूलो भेडाको बथानमा केही काला र केही खैरो रङ्गका भेडा देखिन्छन् । यस क्षेत्रका अधिकांश स्थानीय पशुपालनमै निर्भर छन् । ७१ वर्षीय रनबहादुर भेडापालनमा लागेको ६४ वर्ष भयो । सात वर्षदेखि भेडा गोठालो गर्दै आउनुभएका सिर्पालीको यात्रा अहिले पनि नडगमगाई निरन्तर चलिरहेको छ ।

बाउबाजेको पेसालाई अँगाल्दै आउनुभएका रनबहादुर नयाँ पुस्ता भेडापालनमा नलाग्दा परम्परागत पेसा हराउना थालेको प्रति चिन्तित हुनुहुन्छ । भाइ देवबहादुर पनि सानै उमेरदेखि यही पेसामा आबद्ध हुँदै आउनुभएको छ । ६० वर्षीय देवबहादुर भेडापालनमा लागेको ५२ वर्ष भयो । आठ वर्षकै उमेरदेखि भेडा चराउन सुरु गर्नु भएको सिर्पाली अहिले दाइसँग सहकार्य गर्दै आउनुभएको छ । उहाँहरुले भेडा हुलमूलमा हराउने डरले सिङमा रातो, हरियो लगायतका रङ लगाइ दिनुभएको छ । भेडापालन पुर्ख्यौली पेसा भएको हुँदा यसको संरक्षण गर्नुपर्ने रनबहादुरको भनाइ छ।

उहाँले आफ्ना पालामा अहिलेको जस्तो पढ्नेलेख्ने जमाना नभएको भन्दै जान्ने बुझ्ने भएदेखि नै गाईभैँसी र भेडाबाख्रा पाल्न थालेको बताउनुभयो । रनबहादुरले समय परिवर्तनसँगै गाउँघरमा पेसा पनि फेरिँदै गएको बताउनुभयो । आफ्ना बाउबाजेले कृषि र पशुपालन गर्न सिकाएको स्मरण गर्दै अहिलेका अभिभावकले पढ्न लेख्न र विदेश जान सिकाउने गरेको उहाँको भनाइ छ । "पहिलेपहिले एकै जनाको दुई/तीन हजार भेडा हुन्थे, अहिले त भेडा पाल्ने मान्छे घट्दै गए, थोरैले मात्रै पाल्छन्, हामीको जन्मनै भेडी गोठमा भयो, गोठमै जन्मेको, गोठमै हुर्केको हुँदा हाम्रो पेसा भेडा पाल्ने भयो", रनबहादुर भन्नुहुन्छ, "हामीहरुले अरु केही गर्न जानिएन, जानेको यही पशुचौपायाको गोठाला गर्न हो, दुःख पाउनेको कोखमा जन्म भयो, दुःख पाउने पेसानै गर्नुपर्‍यो, सहज बजार त हाम्रो लागि बिरानो लाग्छ, दुःख भए पनि गोठनै रमाइलो हुन्छ।" पछिल्लो समय युवा पुस्ताले यो पेसा अँगाल्न नचाहँदा परम्परागत भेडापालन विस्तारै हराउँदै गएको छ । केही समय अगाडिसम्म बागलुङको उच्च पहाडी क्षेत्रमा भेडा गोठालो र भेडा प्रशस्त मात्रामा भेट्याउन सकिन्थ्यो । पहिले पहिले भेडीगोठ जाँदा धेरै जिल्लाका धेरै ठाउँका भेडी गोठालेको जमघट हुने गरेको तर पछिल्लो समय गोठाले कम भएको रनबहादुर बताउनुहुन्छ । भेडापालनबाटै परिवार चलाउँदै आएको देवबहादुरले बताउनुभयो। उहाँले पाँच भाइबहिनी छोराछोरी यही पेसाबाटै हुर्काउने र पढाउने गरेको बताउनुभयो । तीन छोरा र दुई छोरीको विवाहसमेत भेडा बेचेरै गरेको उहाँको भनाइ छ। आफूहरुले अहिलेसम्म भेडापालन गर्दै आए पनि छोराछोरीले यसतर्फ चासो नै नदिएको देवबहादुर बताउनुहुन्छ । बुढापाकाले भेडापाल्न नसक्ने अवस्थामा पुगेको भन्दै अबको एक दशकमा वनपाखा सुनसान हुने उहाँको भनाइ छ । देवबहादुर भन्नुहुन्छ, "भेडा चराउन निकै टाढाटाढा पुग्नुपर्छ, हिमालको काखदेखि अग्लो पहाडका टाकुरासम्म पुग्ने गर्छौँ, केही वर्ष अगाडिसम्म भेडा लगेरमाथि बुकी तिर जाँदा हामी जस्तै धेरै भेडा गोठालाको भेट हुन्थ्यो, अहिले त निकै कम भएको छ, बुढाहरु मरे होलान्, अहिलेका युवा तन्नेरीले यस्तो काम गर्दैनन्, यही हिसाबले त हामी मरेपछि त भेडा पनि पाल्न छोड्छन् होला, पढ्ने लेख्ने मान्छेले भेडा पाल्न गाह्रो मान्छन् ।" भेडाको सुरक्षाका लागि उहाँहरुले तीन कुकुरसमेत पाल्नुभएको छ । उहाँहरु जता जानुहुन्छ, भेडा र कुकुर पनि र उतै लैजाने गर्नुहुन्छ । अबको एक सातामा बुकी पुग्ने देवबहादुरको भनाइ छ। उहाँहरुले अहिले नर्जाखोलाको छेउमा सानो त्रिपालको छाप्रो बनाएर बस्दै आउनुभएको छ। उहाँ राति सुत्ने बेला पनि भेडा उहाँहरुकै छेउछाउमा बस्ने गर्नुहुन्छ । भेडाको बथानमा केही ठूला, केही साना र भर्खर सुत्केरी भएका बाख्रासमेत छन् । सरकारले कृषकलाई अनुदानसमेत दिने गरेको छ। टाठाबाठा कृषकले अनुदान लिने गरेका छन्। देवबहादुर र रनबहादुर जस्ता दुर्गम ठाउँका कृषकलाई अनुदान भनेको थाहा नै छैन । उनीहरुलाई सरकारले सहयोग गर्छ भन्दा अनौठो मान्छन्। तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले भेडापालक कृषकलाई गाउँपालिकाले करको दायरामा लिएर सेवा सुविधा दिन थालेको बताउनुभयो । उहाँले तमानखोलामा धेरै पशुपालक कृषक रहेको भन्दै उनीहरुलाई पालिकाबाट प्रदान हुने कुनै पनि सुविधाबाट वञ्चित नगराएको बताउनुभयो ।

"पशुपालनका लागि तमानखोला उर्बर मानिन्छ, यहाँ घना जङ्गल र भुई घाँसका लागि प्रशस्त ठाउँ छन्, परापूर्वकदेखि नै यहाँका स्थानीयले भेडापालन गर्ने र आफ्नो जीविकोपार्जन गर्दै आएको हुँदा अहिले पनि त्यो पेसा कायमै छ, बुढापाकाले निरन्तरता दिँदै आउनु भएको छ," अध्यक्ष बुढा मगरले भन्नुभयो- "उहाँहरुलाई पाल, लाइट र आवश्यक सामग्रीहरु दिँदै आएका छौँ, परम्परागत रुपमा गर्दै आएकोमा अब आधुनिक प्रबिधिसँग जोड्ने प्रयास पनि भइ रहेको छ।"

# इको स्प्रिच्युअल आश्रम: आफ्ना लागि साधना, अरूका लागि सेवा

**रासस**
पोखरा, २२ बैशाख

सिङ्गापुर बस्ने पोखराकी सोम गुरुङ आफ्नो अनुभव सुनाउँदै भन्नुहुन्छ, “म नेपालमै जन्मिए पनि विदेश बस्छु, त्यहाँ मेरो मन कहिल्यै स्थिरमा थिएन । परिवार, समाज अनि आफैँसँग गुनासो हुन्थ्यो”, उहाँले भन्नुभयो, “नौ महिनाअघि नेपाल आएको बेला विकासानन्द स्वामीसँग भेटेर साधना लिएँ । गुरुको ध्यान अनि ज्ञानले यो शरीर सबैसँग दिल खोलेर हाँस्न सक्ने भएको छ ।”

स्वामी विकासानन्दसँग उहाँले साधना लिनुभयो । त्यसपछि उहाँको मनमा शान्ति छायो । कहिलेकाहीँ त आत्महत्याको बाटो नै रोजौँ कि भन्ने सोचसमेत आउने गरेकामा बैचन मन थिर भएको उहाँले बताउनुभयो । साधनासँगै जीवन र समाज बुझेको बताउँदै उहाँले थप्नुभयो, “मेरो पनि संसारमा आफन्त रहेछन् भन्ने लाग्यो । यही कारण विकासानन्द फाउन्डेसन विश्व परिवारलाई आफ्ना तर्फबाट धेरथोर सहयोग पनि गर्दै आएकी छु ।”

बयालीस वर्षदेखि देश-विदेशमा अनुसन्धान एवं साधना गराउँदै आउनुभएका मनोक्रान्ति अभियानका प्रवर्तक डा योगी विकासानन्दको ऊर्जा, आत्मज्ञान एवं अनुभवलाई विश्वव्यापी बनाउने लक्ष्यका साथ मुनाफारहित, जनहितकारी र सेवामूलक सामाजिक संस्थाका रूपमा पोखरा महानगरपालिका-२३ बराङमा विकासानन्द फाउन्डेसन विश्व परिवारको ‘इको स्प्रिच्युअल आश्रम’ स्थापना भइसकेको छ ।

संस्थाकै माध्यमबाट शारीरिक एवं मानसिक समस्यालाई पूर्वीय साधना पद्धति र पश्चिमा मनोविज्ञान तथा परामनोविज्ञानको माध्यमबाट समाधान गर्न प्रवचन, गोष्ठीका साथै जनचेतनामूलक अभियान सञ्चालित छ ।

पोखराबाट १५ किलोमिटर दूरीमा रहेको यस आश्रमलाई साधनाको केन्द्रका रूपमा विकास गर्ने सोचका साथ पाँच रोपनी क्षेत्रफल विभिन्न पूर्वाधार बनिरहेका छन् । हाल दैनिक एक सय जनासम्म साधनालाई त्यहीँ बसेर साधना गर्न मिल्ने व्यवस्था रहेको डा योगी विकासानन्दले जानकारी दिनुभयो । “हामी पूर्वाधार विकासलाई पनि सँगसँगै बढाइरहेका छौँ”, उहाँले भन्नुभयो, “हाल रहेको साधनास्थलभन्दा माथि एकैपटक ठूलो सङ्ख्यामा साधना गर्न सक्ने कक्षसँगै साधकहरूका लागि बस्ने एक सय ५० कोठासहितको संरचना निर्माण गर्ने योजना छ ।”

पारिवारिक वैमनस्यता एवं कलहलाई प्रेमपूर्वक समाधान गराई स्वस्थ समाजको निर्माण गर्ने लक्ष्य राखेको संस्थाले आध्यात्मिक आवास, प्राकृतिक खानपान एवं स्वस्थ वातावरणको निर्माण गराउने उद्देश्य लिएको छ । आध्यात्मिक साधकहरूलाई कुण्डलिनी योग, महाशक्ति पठान योग, तन्त्र योगजस्ता दुर्लभ साधनाको माध्यमबाट आत्मजागरण गराउने उद्देश्यसँगै विश्व नै हाम्रो परिवार हो र मानव सबै एक हौँ, आत्मा परमात्मा एउटै हो भन्ने बोध गराउँदै एकाकार गराउने सोच अघि सारिएको छ । साधना केन्द्र सञ्चालनमा आएसँगै देश तथा विदेशका साधक यतिखेर बराङ पुग्न थालेको विश्व परिवार कास्कीका वरिष्ठ सल्लाहकार सुष्मा पौडेलले जानकारी दिनुभयो । “पर्यटकीय नगरी पोखराको अर्को आकर्षणका रूपमा यो साधनास्थल विकास भइरहेको छ”, उहाँले भन्नुभयो, “साधनाका माध्यमबाट जीवनलाई स्वस्थ एवं सकारात्मक सोचको विकास गराउन चाहनुहुने जो कोही यहाँ पुगेर लाभान्वित बन्न सक्नुहुन्छ ।” पछिल्ला समयमा ठाउँ-ठाउँबाट साधनाका लागि आउनेहरूको क्रम बढ्दै गएको उहाँले बताउनुभयो ।

सोम गुरुङजस्तै अर्का साधक रविना आत्मानन्दको पनि छुट्टै अनुभव छ । रविना पनि साधनामा सहभागी भएपछि आफूमा धेरै परिवर्तन आएको बताउनुहुन्छ । “म मेरो जीवनमै थिइन् । म बाँचिरहेको त छु तर, कसरी बाँचिरहेको छु भन्ने लाग्थ्यो”, उहाँले भन्नुभयो, “डिप्रेसनमा फसिसकेको म साधनापछि पुनःजन्म पाएको छु ।”

अर्का साधक कास्कीको माछापुच्छ्रे गाउँपालिका वडा नं ५ का शिरोमणि पौडेलको पनि मीठो अनुभव छ । एक वर्षअघि उहाँमा ढाड दुख्ने समस्या थियो । बराङमा डा विकासानन्दको इको स्प्रिच्युअल आश्रम सञ्चालनमा आएको थाहा पाएपछि उहाँ यस ठाउँमा आइपुग्नुभयो । एक साताको योग साधना गरेर फर्किएसँगै उहाँले यहाँ सिकेका विषयलाई दैनिक घरमा प्रयोग गर्दै आउनुभएको छ । साधनाले विगतदेखिको उहाँको ढाड दुख्ने समस्या अहिले भने समाधान भइसकेको छ । आफ्ना लागि योग साधना बरदान सावित भएको उहाँले अनुभव सुनाउनुभयो । डा योगी विकासानन्दसँगको साधनाबाट सोम, रविना, शिरोमणिजस्तै धेरैको जीवनमा परिवर्तन आएको छ । आवासीयरूपमा बसेर साधना गर्न पाइने यहाँ सामान्यतः प्रत्येक दिन बिहान ५.०० बजेदेखि ध्यान सुरु हुन्छ । साधकहरू ५.०० देखि ६.०० बजेसम्म गुरुको प्रत्यक्ष निर्देशनमा ध्यानमा रहन्छन् । ६.०० देखि ७.०० बजेसम्म सूर्य नमस्कार योग गरिन्छ । त्यसपश्चात एक घन्टा चियापान गरी ८.०० बाट १०.०० बजेसम्म योगी विकासानन्दको प्रवचन हुन्छ । त्यसपछि विभिन्न कक्षासँगै भिडियो आदि प्रदर्शन हुन्छ । यस्तै दिउँसो १.०० बजे खाना खाएपछि आधा घन्टा आराम गरी अन्य साधनाका कक्षा सञ्चालन हुने गर्दछन् । आवासीयरूपमा बस्नेले दैनिक केबल खानाका लागि न्यूनतम रु एक हजार सेवा शुल्क बुझाउनुपर्ने व्यवस्था गरिएको छ । अन्य साधना तथा प्रशिक्षण निःशुल्क प्रदान गरिएको छ । यहाँ आउने साधकले न्यूनतम सेवा शुल्कका साथै सक्नेले यथाशक्य अतिरिक्त सहयोग पनि गर्ने गरेका छन् । यहाँ गरिने साधना आनन्द, उत्सुकता र चमत्कारको पूर्ण प्याकेज बनेको त्यहाँ पुग्नेहरू बताउँछन् । डा विकासान्दबाट गरिएका विभिन्न तथ्यपरक प्रयोग, प्रवचन र साधनाको सन्तुलन सबैमा हुन्छ । त्यहाँ खैरो चामलको भात, नुन नराखेको दाल, बोक्रा नफालेको आलुको तरकारी, अर्ग्यानिक अचार, जडीबुटी र सख्खर प्रयोग गरिएको चिया अद्भूत छ । साधना अवधिभर केही नयाँ प्रयोग भइरहेको डा योगी विकासानन्द बताउनुहुन्छ । यसले साधकहरूको जीवनमा चामत्कारिक परिवर्तन देखापरिरहेको उहाँले बताउनुभयो । डा विकासानन्दले जीवनमा विभिन्न समय गरी तीनपटक घटेको समाधिको तरङ्ग शक्ति, ४२ वर्षको उहाँको साधनाको अनुभव, साधकको सङ्कल्प, दृश्य कल्पनाकला र कर्मको संयुक्त प्याकेजका रूपमा गाभा, काभा, नाभा, रेकी ध्यान गराउनुहुन्छ । काठमाडौँको सामाखुसी र गोदावारीमा रहेको आफ्नो आश्रम छाडेर डा विकासनन्दले पोखरा-२३ बराङमा आई जङ्गल, खोला, हिमालको काखमा रही यस स्थललाई साधनाको केन्द्रका रूपमा विकास गर्ने अभियानमा हुनुहुन्छ । यहीँ बसेर उहाँले बहुआयामिक, दीर्घकालीन गुरुयोजनाको परिकल्पना गर्नुभएको छ । उहाँले बराङ गाउँमै सयौँले साधना गर्न मिल्ने गरी इको स्प्रिच्युअल आश्रम निर्माणको थालनी गर्नुभएको छ । यो क्षेत्र माछापुच्छे हिमालको काख, पवित्र पञ्चासेको फेदी, फेवातालको सिरान, हाडीखोलाको सामिप्यता छ । नजिकै गुफा, घना जङ्गल, बराङ गाउँको सिरान यस क्षेत्रको अर्को विशेषता हो । परियोजनामा मनोक्रान्ति आश्रम, बालबगैँचा, ध्यानका लागि प्राकृतिक गुफा, शौचालय, स्नानकक्ष, भान्साकोठा र सयनकक्षसहित अपार्टमेन्ट निर्माण गर्न करिब ४० रोपनी जग्गा स्वयं खरिद गरी यसको सुरुआत गर्नुभएको हो । परियोजनाको विस्तृत परियोजना कार्य (डिपिआर) तयार भइसकेको छ । यसको सफलतासँगै यो देशकै आध्यात्मिक जगत्मा एक युग बदल्ने परियोजना बन्ने विकासानन्दको विश्वास छ । योगी विकासानन्द काठमाडौँबाट बराङ गाउँमा पुग्दा त्यस क्षेत्रका स्थानीयवासी पनि निकै खुसी छन् । उहाँ यस क्षेत्रमा आएसँगै पर्यटनको नजर यस क्षेत्रमा पुगेको स्थानीय एकनाथ पराजुलीले बताउनुभयो । “पोखराबाट १५ किलोमिटरको दूरीमा रहेको हाम्रो गाउँ विगतमा गुमनामजस्तै थियो । गुरु यहाँ आउनु भएपछि आन्तरिक तथा बाह्य पर्यटक बढ्न थालेका छन्”, उहाँले भन्नुभयो, “अहिले यहाँ विभिन्न संरचना बनिरहेका छन् । त्यसमा पनि उहाँले स्थानीयलाई रोजगारी दिनुभएको छ । हामी त एकदमै खुसी छौँ ।”



घाटु नृत्य प्रस्तुतीः
वैशाख पूर्णिमा एवम् बुद्ध जयन्तीको अवसरमा पोंचोकों तमु परिवार पोखराले शुक्रबार आयोजना गरेको बाह्रमासे घाँटु नृत्य प्रस्तुत गर्दै घाटुसरीहरू । तस्बिरः धनबहादुर गुरुङ/रासस

# कैदीबन्दीलाई मुढा बनाउन भ्याइनभ्याई

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ बैशाख

जिल्ला कारागार म्याग्दीका कैदी बन्दीले बनाएका मुढा चीन निकासी हुन थालेको छ । चीनबाट माग आएपछि कैदीबन्दीलाई बाँसबाट मुढा बनाउन भ्याइनभ्याई भएको छ । म्याग्दी कारागारका चौकीदार वसन्त रोकाले पहिलो चरणमा आठ सय २० वटा मुढा चीन पठाइएको जानकारी दिनुभयो ।

“एक महिनाअघि एक हजार छ सयवटा मुढाको माग आएको थियो”, उहाँले भन्नुभयो “आठ सय २० वटा पठाइसक्यौँ । बाँकी मुढा बनाउन व्यस्त छौँ ।” कारागारमा रहेका कैदीबन्दीले समय बिताउनका लागि मुढा बनाउँदै आएका छन् । प्रतिगोटा मुढा रु चार सय ५० का दरले कारागारबाटै बिक्री भएको हो । खुद्रा प्रतिगोटा रु पाँच सयका दरले बेच्ने गरेका छन् । बाँस र पलास्टिकको रसी किनेर बुढा बनाउने गरेका छन् । कारागार प्रशासनले समन्वय गरेर मुढा बुन्न आवश्यक पर्ने बाँस र पलास्टिकको रसी व्यवस्थापन गरेको कारागारका प्रहरी प्रमुख क्षेत्रबहादुर बरुवालले बताउनुभयो ।

बेनी नगरपालिका-२ खबरामा रहेको कारागारमा ८० पुरुष र तीन महिला कैदीबन्दी छन् । यो कारागार सात महिलासहित ३२ जना क्षमताको हो । कारागारमा भएका ६० जनाले मुढा बुन्ने गरेका चौकीदार रोकाले बताउनुभयो । यसअघि मुढाले बजार नपाउँदा बुन्न छाडेका थिए ।

एक मुढा बुन्न बढीमा दुई दिन लाग्ने गरेको छ । छिटो बुन्नेले एकै दिनमा पनि तयार पार्छन् । ग्राहकको मागअनुसार आकार र डिजाइनको मुढा बनाउने गर्छन् । मुढा व्यापारी सन्तोष अधिकारीले रसुवागढी र सिन्धुपाल्चोकको तातोपानी नाका सञ्चालन भएपछि चीनबाट मुढाको माग आएको बताउनुभयो । “म्याग्दीका साथै बागलुङ, भीमफेदी र पूर्वी नेपालका कारागारका कैदीबन्दीले बुनेका मुढा सङ्कलन गरेर चीन पठाउन थालिएको छ”, उहाँले भन्नुभयो, “कैदीबन्दीले तयार पारेपछि थप मुढा पठाउने तयारी छ ।” उहाँका अनुसार चीनमा खेतबारीमा गोडमेल गर्न, सडक सफा गर्ने र बस्नका लागि मुढाको प्रयोग हुन्छ ।

बाँसका मुढा सस्तो र बलियो हुने भएकाले चीनमा माग बढी छ । चीनको ल्हासा, सिगात्से, न्यालम र धिग्रीबाट माग धेरै आउने गरेको छ । चिनियाँले चाडपर्वको समयमा पाहुनालाई मुढा तथा हस्तकलाका सामग्री उपहार दिने चलन छ ।

निर्यात रोकिँदा र आन्तरिक बजार नहुँदा कैदीबन्दीका उत्पादन कारागारमै थन्काएर राख्नुपरेको थियो । निर्यात खुलेपछि चीनबाट माग आउन थालेपछि कैदीबन्दी उत्साहित भएका छन् । कारागारमा उद्योग तथा पर्यटन कार्यालयलगायत विभिन्न निकाय र सङ्घसंस्थाले कैदीबन्दीलाई मुढा बुन्ने सीपमूलक तालिम दिएका थिए ।

# नर्जाखानीमा ‘एक घर एक प्लास्टिक टनेल’

**पोखरापत्र संवाददाता**
गलकोट, २२ बैशाख

बागलुङ जिल्लाको तमानखोला गाउँपालिकाको दुर्गम गाउँ नर्जाखानीका स्थानीयलाई आयआर्जनसँग जोड्नका लागि ‘एक घर एक प्लास्टिक टनेल’ कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।

स्थानीय सरकारले तरकारी खेतीमा अग्रसर बनाउन सबै वडावासीलाई प्लास्टिक टनेल स्थापनाका लागि अनुदानमा वितरण गरेको छ । वडाका सबै घरमा टनेलमार्फत तरकारी खेती उत्पादन भएमा दुर्गम स्थानका नागरिकको जीवनस्तर वृद्धि गर्नेगरी तमानखोला गाउँपालिका-६ कार्यालयले यस्तो योजना कार्यान्वयन गरेको हो ।

एक घर एक टनेलमार्फत उत्पादन भएको तरकारीले घरमा उपभोग भई बाँकी तरकारीसङ्कलन गरी बजार पठाउन सकिने योजनासाथ गाउँपालिका-६ नर्जाखानीको वडा कार्यालयले चालु आर्थिक वर्षमा रु नौ लाखको योजना कार्यान्वयनमा लगेको हो । दुर्गम गाउँका नागरिकलाई स्थानीय सरकारले प्रत्यक्ष आयआर्जनसँग जोड्न आवश्यक ठानेर यो कार्यक्रम ल्याएको तमानखोला गाउँपालिका-६ का वडाअध्यक्ष चित्रबहादुर छन्त्यालले जानकारी दिनुभयो । “ यहाँका नागरिकको आर्थिक जीवनस्तर उकास्न आवश्यक छ, त्यसैले वडाध्यक्षमा निर्वाचित भएको पहिलो वर्ष नै ठूलो बजेट कृषिमा लगानी गरिएको छ, अहिले नौ लाख बजेटबाट टनेल स्थापना गर्न ८५ प्रतिशत अनुदानमा दुई सय घरमा टनेल स्थापना गर्ने योजना हो, हालसम्म एक सय ६० टनेल वितरण गरिसकेका छौँ”, वडाअध्यक्ष छन्त्यालले भन्नुभयो । दुर्गम गाउँमा व्यावसायिक तरकारी उत्पादनप्रति स्थानीयवासीको चासो नदेखिएको र थोरै परिणाममा तरकारी उत्पादन गर्दा बजारीकरणको समेत समस्या हुने भएकाले वडाका सबै घरमा टनेल स्थापना गर्न थालिएको हो । रु चार हजार आठ सय लागतको प्लास्टिक अनुदानमा लैजान स्थानीयवासीले ६ सय वडा कार्यालयमा बुझाउनुपर्नेछ । स्थानीयवासीको १५ प्रतिशत साझेदारीमा टनेल स्थापनाका लागि प्लास्टिक वितरण गर्दा स्थानीयलाई अपनत्व हुने वडा कार्यालयको बुझाइ छ ।

अबको केही महिनाभित्रै वडाका दुई सय घरमा टनेल स्थापना भइसक्नेछन् । जम्मा दुई सय घरधुरी रहेको वडामा सबै नागरिकका घरमा टनेल स्थापना भइसक्दा नर्जाखानी तरकारीमा आत्मनिर्भर मात्रै नभएर तरकारी निर्यात गर्न सकिने वडाका रूपमा परिचित हुनेछ । चिसोका कारण खुल्ला जग्गामा काउली, बन्दा, सिमी तथा टमाटर लगायतका अत्यावश्यक तरकारी खेती राम्रो नहुने भएकाले सबै घरमा टनेल स्थापना गर्ने वडा कार्यालयले योजना बनाएर अगाडि बढेको हो । वडा कार्यालयले तरकारी उत्पादनका लागि आवश्यक प्लास्टिक वितरण गर्दा स्थानीय सरकारको आभाष भएको स्थानीय जसदेवी छन्त्यालले जानकारी दिनुभयो ।

# स्थानीय तहबाटै श्रम स्वीकृतिले सहज

**- कृष्ण न्यौपाने**
तनहुँ, २२ बैशाख

तनहुँका स्थानीय तहले श्रम स्वीकृति दिन थालेपछि सर्वसाधारणलाई सहज भएको छ । यसअघि श्रम स्वीकृतिका लागि पोखरा जानुपर्ने बाध्यता रहेकामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैशाख १ गतेदेखि सबै स्थानीय तहबाट श्रम स्वीकृति दिने व्यवस्था मिलाएको छ ।

सोहीबमोजिम स्थानीय तहबाटै श्रम स्वीकृति पाउँदा सहज भएको बन्दीपुर गाउँपालिका-१ का रामशरण खड्काले जानकारी दिनुभयो । खड्काले बन्दीपुर गाउँपालिकाको रोजगार शाखाबाट श्रम स्वीकृति पाउनुभएको छ । आवश्यक सबै कागजात बुझाएपछि रोजगार शाखाबाट एक दिनमै श्रम स्वीकृति पाएको उहाँले बताउनुभयो । “यसअगाडि श्रम स्वीकृतिका लागि पोखरा जानुपर्थ्यो, पोखरा गएर लाइन बस्नुपर्ने, भीडभाड हुने समस्या थियो, भीडभाड हुँदा एक दिनमा काम सकिँदैनथ्यो”, उहाँले भन्नुभयो, “अहिले बल्ल सङ्घीयता आएको जस्तो महसुस भयो ।” बन्दीपुर-४ का शिवराज परियारले गाउँपालिका पुगेर श्रम स्वीकृति लिनुभयो । गाउँपालिकाबाटै यो सेवा पाएपछि सहज भएको उहाँको अनुभव छ । “अहिले गाउँघरमै यो सेवा पाउँदा समयको बचतसँगै आर्थिक भारसमेत कम भयो, पोखरा आउजाउ, उस्तै परे बास बस्नुपर्दा बढी खर्च हुन्थ्यो”, परियारले भन्नुभयो । बन्दीपुर गाउँपालिकाका रोजगार संयोजक शरणसिंह गुरुङका अनुसार हालसम्म पाँच जनालाई श्रम स्वीकृतिबारे आवश्यक परामर्शसमेत प्रदान गरिएको छ । “कतिपयलाई स्थानीय तहबाटै श्रम स्वीकृति पाइन्छ भन्ने जानकारी हुन सकिरहेको छैन, यसबारेमा हामीले पनि सूचना दिइरहेका छौँ”, उहाँले भन्नुभयो ।

वैदेशिक रोजगारमा जाने युवायुवतीले यसअघि पोखरा वा काठमाडौँ गएर श्रम स्वीकृति लिनुपर्ने बाध्यता रहेकामा अब गाउँघरमै रहेका स्थानीय सरकारमार्फत उक्त सेवा पाउन थालेपछि सहज भएको गुरुङले बताउनुभयो । “यसअघि अन्यत्रै गएर श्रम स्वीकृति लिनुपर्दा सेवाग्राहीलाई झन्झट हुन्थ्यो, लागत पनि बढी पर्थ्यो तर अब स्थानीय सरकारबाटै सेवा सुरु भएपछि सहज हुन्छ”, उहाँले भन्नुभयो । श्रम स्वीकृतिका लागि सम्बन्धित व्यक्तिले पासपोर्ट र भिसासम्बन्धी कागजात लिएर आउनुपर्ने हुन्छ । सम्बन्धित व्यक्तिले ल्याएको कागजातका आधारमा रोजगार केन्द्रले श्रम स्वीकृतिका लागि आवश्यक सहजीकरण गरिदिने गुरुङले बताउनुभयो । सम्बन्धित व्यक्तिले श्रम स्वीकृति लिनुपूर्व सामाजिक सुरक्षा कोष, कल्याणकारी कोष र बिमाका लागि तिर्नुपर्ने रकम आफूहरूले मोबाइल बैंकिङबाट तिरेर सहजीकरण गरिदिने गरेको उहाँको भनाइ छ । “मोबाइल बैंकिङ हुने र जान्नेहरूले आफैँ तिर्नु भए पनि हुन्छ, नभए हामीहरूले सहजीकरण गरिदिएर उहाँहरूसँग उक्त रकम लिने गरेका छौँ”, उहाँले भन्नुभयो ।

उहाँका अनुसार कल्याणकारी कोषका लागि रु एक हजार पाँच सय, सामाजिक सुरक्षा कोषका लागि न्यूनतम रु दुई हजार र बिमाका लागि उमेरअनुसारको शुल्क तिर्नुपर्नेहुन्छ । उक्त सबै काम भए पनि अनलाइनमार्फत श्रम स्वीकृति प्राप्त हुने र उहाँहरूलाई उक्त स्वीकृति मोबाइलमा पठाइदिने व्यवस्था मिलाइएको छ । “पहिला-पहिला श्रम स्वीकृतिका लागि पोखरा जानुपर्थ्यो, एजेन्ट लगाउनुपर्थ्यो । पैसा पनि बढी तिर्नुपर्ने गुनासो आउने गरेको थियो, अब स्थानीय तहबाटै सेवा लिन पाउँदा उहाँहरूलाई झन्झट हुँदैन”, उहाँले भन्नुभयो । उहाँका अनुसार एजेन्ट लगाउँदा ठगिने गरेको गुनासो पनि आउने गरेको थियो ।

आँबुखैरेनी गाउँपालिकाले पनि पालिकाबाटै श्रम स्वीकृति दिने व्यवस्था मिलाएको छ । वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, भरपर्दो र पारदर्शी बनाउने साथै सेवाग्राहीलाई स्थानीय तहबाटै सेवा दिने मन्त्रालयको अनुमतिपश्चात वैदेशिक रोजगारमा संलग्न हुने व्यक्तिहरूले व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि रोजगार केन्द्रमा सम्पर्क गर्न सकिने प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो ।

जिल्लाको शुक्लागण्डकी नगरपालिकाले पनि मन्त्रालयको परिपत्रबमोजिम पालिकाबाटै श्रम स्वीकृति दिने व्यवस्था मिलाएको नगरपालिकाका रोजगार संयोजक कमला गैह्रे सुवेदीले जानकारी दिनुभयो । जिल्लाका व्यास नगरपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिकाले पनि श्रम स्वीकृति दिने व्यवस्था मिलाइसकेका छन् ।